साँगुरीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा

१ नं. प्रदेश, नेपाल

२०७३

## तारजाली (Gabin Boxes) खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०२/

सूचना नं. ५

यस कार्यालयको लागि तपशिलमा उल्लेखित विवरण भएको तारजाली खरिद गर्नुपर्ने भएकोले आपूर्ति गर्न इच्छुक फर्म, संस्था वा कम्पनीहरुले तोकिएको म्यादभित्र रितपूर्वक दरभाउपत्र फाराम खरिद गरि शिलबन्दी दरभाउपत्र पेश गर्न हुन जानकारी गरिन्छ ।

तपशिल :

१. दरभाउपत्र यस कार्यालयको खरिद ईकाई शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र रु. १,०००.०० (फिर्ता नहुने गरि) तिरी रसिद साथ निवेदन दिई आ.व. ०७३/०७४ को नवीकरण गरिएको कम्पनि दर्ता, फर्म दर्ता, आयकर दर्ता तथा मु.अ. कर दर्ता प्रमाणपत्रहरु, कालोसूची नपरेको, कानुनबाट कुनै अयोग्य नभएको लिखित घोषणा पत्र र अन्य आवश्यक कागजातहरु सहित फारम खरिद गर्न सकिने छ । बिक्री भएका शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिन २:०० बजे यस कर्यालयमा विभिन्न कार्यालयहरुका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । शिलबन्दी दरभाउपत्र खोल्ने दिन दरभाउपत्र दाताहरुको प्रतिनिधीहरु अनुपस्थित भएमा पनि शिलबन्दी खोल्न बाधा पर्ने छैन ।

२. दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको २.५ % ले हुन आउने रकम यस कार्यालयको नाममा खोलिएको नेपाल बंगलादेश बैंक भेडेटार शाखामा रहेको धरौटी खाता नं. ०५२०००९२१ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिनको म्याद भएको जमानत (वीगवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नु पर्नेछ । दस्तखत तथा कार्यालयको छाप नभएको शिलबन्दी उपर कुनै मान्यता हुने छैन । प्रतिनिधिले दरभाउपत्र खरिद गर्न आउदा अनिवार्य रुपमा मन्जुरीनामा पत्र लिएर आउनुपर्नेछ ।

४. शिलबन्दी बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

५. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबाले गर्न आउदा कबोल अंकको थप २.५% ले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा नगदै माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

७. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

८. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप अन्य कुराहरु बुझ्नु परेमा कार्यालयको वेभ पेज www.sangurigadhimun.gov.np मा हेर्न र ०२५४०००५८ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer